लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित
जि.प्र.का.द.नं. :-१३/०७६/०७७
जि.हु.द.नं. १/०८२/०८३
# म्याग्दी नेपाल
MYAGDI NEPAL WEEKLY
www.erupse.com साप्ताहिक
वर्ष ८, अंक ३३ २०८३ असोज १६ गते शुक्रबार (Friday 02 October 2026) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

"होटल जोमसोम प्राइड"
मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारीक वातावरणमा खाना तथा बसाइका लागि सम्झनै पर्ने नाम ।

# म्याग्दीलाई विपद् संकटग्रस्त जिल्ला घोषणालाइ सिफारिस

अमृत बास्कुने



म्याग्दीमा असोज ८ गतेदेखि ११ गतेसम्म परेको अविरल वर्षाका कारण बाढीपहिरोबाट ठूलो जनधनको क्षति भएपछि जिल्ला विपद् व्यवस्थापन समितिले म्याग्दीलाई विपद् सङ्कटग्रस्त जिल्ला घोषणा गर्न गृह मन्त्रालयमा सिफारिस गरेको छ । जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी गणेश गैरेले जिल्ला प्रशासन मार्फत गरेको उक्त सिफारिसलाई जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले समेत निर्णय तथा अनुमोदन गरेको छ । असोज १४ गते प्रमुख जिल्ला अधिकारी गैरेको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले पुनर्निर्माण तथा पुनःस्थापनाका कामलाई प्राथमिकता दिन जिल्लालाई विपद् सङ्कटग्रस्त घोषणा गर्न गरिएको सिफारिस अनुमोदन गरेको हो ।

समितिको निर्णयअनुसार अविरल वर्षाका कारण जिल्लामा हालसम्म नौ जनाको मृत्यु भएको छ । ४८ घर पूर्ण रुपमा क्षतिग्रस्त भएका छन् भने १० घरमा आंशिक क्षति पुगेको छ । त्यस्तै एक सय घर जोखिममा परेका छन् भने ५६ वटा गोठमा क्षति पुगेको प्रारम्भिक विवरण समितिमा प्राप्त भएको छ । बाढीपहिरोबाट सडक, पुल, खानेपानीलगायतका सार्वजनिक पूर्वाधारमा समेत ठूलो क्षति पुगेको जनाइएको छ । घटनाका सम्बन्धमा विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड २०८१ को दफा(८) बमोजिम सम्बन्धीत स्थानीइ तहबाट मृतकको आफन्तलाई भुक्तानी हुने रकम सोही मापदण्डको दफा(११) बमोजिम सम्बन्धीत स्थानीय तहबाट सोधभर्ना दिन लगायतका अन्य विपद्को रकम भुक्तानी गर्ने निर्णय समेत समितिले गरेको छ । जिल्ला बिपद् व्यवस्थापन कोष्मा हाल १२ लाख २० हजार ६ सय ८५ मौज्दात रहेकोमा सोधभर्नाको रकम भुक्रानी गर्दा २० लाख रकम अपुग हुने देखिएको हुँद उक्त रकम निकासा हुने व्यवस्थाका लागि राष्टिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणमा अनुरोध गर्ने निर्णय समितिले गरेको ।

समितिले तयार पारेको विवरणअनुसार अन्नपूर्ण गाउँपालिका-३ दानामा शिलाकुमारी पाइजा र योगमाया पाइजाको मृत्यु भएको छ । अन्नपूर्ण गाउँपालिका-५ काफलडाँडा खर्कका १८ वर्षीय सविन चौधरी र २१ वर्षीय मनोज चौधरी तथा सोही वडाका ७५ वर्षीय ओमबहादुर तिलिजाले पनि ज्यान गुमाएका छन् ।

त्यसैगरी मालिका गाउँपालिका-३ रूम डाँडागाउँका ३१ वर्षीय चिरण पुन र २८ वर्षीय देवबहादुर पुनको पहिरोमा परी मृत्यु भएको छ । बेनी नगरपालिका-३ भकिम्लीकी ३६ वर्षीया कुमारी विक र अन्नपूर्ण गाउँपालिका-५ की पाँच वर्षीया जेनी पुर्जाको पनि मृत्यु भएको समितिको अभिलेखमा उल्लेख छ ।

बाँकी पाँचौं पृष्ठमा

प्रो. अमृत सापकोटा
हिमाल होटल एण्ड रेष्टुरेण्ट (सापकोटा किचन)
मालिका गाउँपालिका-६ नयाँबजार दरवाङ म्याग्दी
फोन नं.: 069-420057
9846834395 / 9863795533
Email: sapkotaamrit072@gmail.com
हाम्रो सेवाहरु : नेपाली खाना, नेपाली लोकल आइटमहरु पाइन्छ । होम डेलिभरीको व्यवस्था, यातायातको टिकट बुकिङ
हामी यहाँहरुको लागि सधैं समर्पित छौं । हार्दिक स्वागत गर्दछौं !

मालिका गाउँपालिका-६, हुलाकचोक दरवाङ, म्याग्दी
सम्पर्क नम्बर :- 9846824289 / 9863939728
उज्वल सपिङ सेन्टर
गुणस्तर, स्टाईल र तपाईंको विश्वास
साथै कार्पेट चाहिएमा तपाईको ठाउँमा पुगेर फिटिङ पनि गरिन्छ ।
प्रोपाइटर
रिताकुमारी न्यूरे/नन्दप्रसाद न्यूरे

बि.पि. कोइराला क्यान्सर अस्पताल भरतपुरका
वरिष्ठ क्यान्सर रोग विशेषज्ञ तथा
राजिव गान्धी क्यान्सर अस्पतालबाट फेलोसिप गर्नुभएका डाक्टर
नेशनल ड्रग सेन्टर
पाण्डे हेल्थ क्लिनिक एण्ड ल्याव सेवा
अस्पताल चोक, बेनीमा
- शरीरको कुनै पनि ठाउँमा मासु पलाएको, डल्ला, गिर्खा भएमा ।
- लामो समयदेखि घाँटी दुख्ने, टन्सिल, घाँटीमा गिर्खा आएमा ।
- पेट दुख्ने, पेट पोल्ने, पेटमा घाउ, अल्सर भएमा ।
- स्तन दुख्ने तथा गाँठा गुठी भएमा ।
- छाती दुख्ने तथा गाँठा गुठी भएमा ।
- जिउ दुख्ने तथा फोक्सोमा दाग देखिएमा।
- पाचन प्रणालीमा समस्या आएमा ।
- शरीरमा निलो डाम तथा रातो डाबरहरु देखिएमा ।
माथिका मध्ये कुनै पनि लक्षणहरु देखिएको भएमा विशेषज्ञ डाक्टरको परामर्श लिन र स्वास्थ्य जाँच गराउन समयमै सम्पर्क गर्नुहोला ।
डा. सुरेश कुमार दीप
एम.बिबि.एस, एम.डी. (त्रि.वि.) इन्टरनल मेडिसिन
एन.एम.सी. (NMC) नं. १०३२८
फेलोसिप इन मेडिकल अंकोलोजी (FIMO)
राजीव गान्धी क्यान्सर अस्पताल, नयाँ दिल्ली
क्यान्सर रोग विशेषज्ञ
डाक्टर आउने मिति : असोज १८ २०८३ आइतबार
९८५७६२४३५३-शम्भुराज पाण्डे,
९८६७६२९४२४-अमरप्रसाद पाण्डे
०६९-५२०१९२, ५२०६८८
- दैनिक रुपमा डाक्टरहरुद्वारा बिरामी परीक्षण तथा भिडियो एक्स-रे सेवा
- डिजिटल एक्स-रे, इसिजी, गुणस्तरीय ल्याब (प्रयोगशाला) सेवा
- गुणस्तरीय फार्मेसी सेवा
अग्रीम बुकिङको पनि व्यवस्था छ ।

सम्पादकीय

# समयको आवश्यकता

नेपालमा सहकारी अभियानले साना–साना बचतलाई एकत्रित गरी सदस्यहरुको आर्थिक जीवनस्तर सुधार्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ । तर पछिल्ला वर्षहरुमा केही सहकारी संस्थामा देखिएका वित्तीय अनुशासनहीनता, बचतकर्ताको रकम फिर्ता नहुने समस्या र कमजोर नियमनका कारण समग्र सहकारी क्षेत्रप्रति नै प्रश्न उठेका छन् । यस्तो अवस्थामा बचतकर्ताको विश्वास पुनःस्थापित गर्न र सहकारी क्षेत्रलाई व्यवस्थित, सुरक्षित तथा दिगो बनाउन 'बचत सहकारी बैंक' स्थापनाको बहसलाई गम्भीरतापूर्वक अघि बढाउन आवश्यक देखिन्छ । सहकारी संस्थाहरुमा छरिएर रहेको ठूलो मात्राको बचतलाई सुरक्षित र प्रभावकारी रुपमा परिचालन गर्न छुट्टै बैंकिङ संरचनाले महत्वपूर्ण भूमिका खेल्न सक्छ । सदस्य तथा सहकारी संस्थाबाट संकलित बचतलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने, आवश्यकताअनुसार सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने र वित्तीय पहुँच विस्तार गर्ने काम यस्तो संस्थाले गर्न सक्छ । विशेषगरी ग्रामीण क्षेत्रका किसान, साना उद्यमी, स्वरोजगार व्यक्ति तथा निम्न र मध्यम आय भएका परिवारका लागि यसको महत्व अझ बढी हुन्छ ।

बचत सहकारी बैंक स्थापना गर्नुको अर्थ विद्यमान बैंक तथा वित्तीय संस्थासँग प्रतिस्पर्धा गर्नु मात्र होइन । यसको मुख्य उद्देश्य सहकारीको मूल्य, सिद्धान्त र सामूहिक पूँजी परिचालनलाई बलियो वित्तीय संरचनासँग जोड्नु हुनुपर्छ । यसले सहकारी संस्थाबीच वित्तीय कारोबारलाई व्यवस्थित बनाउन, तरलता व्यवस्थापन गर्न र आवश्यक पर्दा सदस्य संस्थालाई वित्तीय सहयोग उपलब्ध गराउन सक्ने आधार तयार गर्न सक्छ । तर बैंक स्थापना गर्दैमा समस्या समाधान हुँदैन । विगतका कमजोरीबाट पाठ सिक्दै कडा वित्तीय अनुशासन, पारदर्शिता, नियमित लेखापरीक्षण, प्रभावकारी जोखिम व्यवस्थापन र बलियो नियमन अपरिहार्य हुन्छ । सञ्चालकको स्वार्थभन्दा बचतकर्ता र सदस्यको हितलाई केन्द्रमा राख्ने व्यवस्था हुनुपर्छ । प्रविधिको प्रयोग, डिजिटल कारोबार र नियमित वित्तीय प्रतिवेदनलाई पनि अनिवार्य बनाउनुपर्छ ।

बचतकर्ताको विश्वास नै सहकारी क्षेत्रको सबैभन्दा ठूलो पूँजी हो । त्यसैले बचत सहकारी बैंक स्थापनाको बहसलाई राजनीतिक वा संस्थागत स्वार्थभन्दा माथि उठाएर आर्थिक आवश्यकता, सदस्यको हित र वित्तीय सुरक्षाको दृष्टिले अघि बढाउनुपर्छ । उचित अध्ययन, स्पष्ट कानुनी आधार र सक्षम नियमनसहित स्थापना गर्न सकिएमा यस्तो बैंकले सहकारी क्षेत्रको पूँजीलाई उत्पादन, रोजगारी र उद्यमशीलतासँग जोड्ने महत्वपूर्ण माध्यम बन्न सक्छ । आज सहकारी क्षेत्रलाई आवश्यकता छ– विश्वासको पुनर्निर्माण, वित्तीय अनुशासन र सुरक्षित पूँजी परिचालनको । त्यसका लागि बचत सहकारी बैंक एउटा सम्भावित महत्वपूर्ण संस्थागत आधार बन्न सक्छ ।

# विपद्को दोहोरो रूप भोटेकोशीदेखि असोजको वर्षासम्म

**अमृत बास्कुने**

नेपालले यस वर्षको मनसुन तथा मनसुनपछिको अवधिमा लगातार ठूला विपद्को सामना गरिरहेको छ । भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले मुलुकलाई ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्यायो । त्यसको घाउ अझै निको नहुँदै असोज ८ गतेदेखि परेको अविरल वर्षाले देशका विभिन्न जिल्लामा बाढी, पहिरो र डुबानको अर्को शृङ्खला सुरु गऱ्यो । भौगोलिक रुपमा विकट पहाडी जिल्ला म्याग्दी पनि यसबाट नराम्ररी प्रभावित भयो ।

भोटेकोशी विपद्को खोज, उद्धार र राहत अभियान चलिरहेकै अवस्थामा असोजको वर्षाले विशेषगरी गण्डकी प्रदेशका पहाडी जिल्लामा जनजीवन अस्तव्यस्त बनायो । सडक, पुल, विद्युत्, खानेपानी र सञ्चार संरचनामा क्षति पुगेपछि प्रभावित क्षेत्रको वास्तविक अवस्था तत्काल बाहिर ल्याउनसमेत कठिन भयो । यही कारण विपद्को क्षति संकलन आफैँमा अर्को चुनौती बन्यो ।

**भोटेकोशीको घाउ अझै गहिरो :** भदौ १० गते रसुवास्थित भोटेकोशी नदीमा आएको बाढी नेपालले पछिल्लो समय भोगेको सबैभन्दा ठूलो विपतमध्ये एक बनेको छ । बाढीको प्रभाव रसुवामा मात्र सीमित रहेन । त्रिशूली हुँदै नुवाकोट, धादिङ, गोरखा, तनहुँ, चितवन, नवलपरासी पूर्व र नवलपरासी पश्चिमसम्म मानवीय तथा भौतिक क्षति पुगेको सरकारी विवरणले देखाउँछ ।

सरकारले भोटेकोशी बाढीपछि उद्धार, खोजी र राहतलाई तीव्रता दिएको थियो । सरकारी विवरणअनुसार १३ हजार ५८३ जनाको उद्धार गरिएको थियो भने ६ हजार ८२७ घाइतेलाई उद्धार गरी उपचारको व्यवस्था मिलाइएको थियो । सो समयसम्म १ हजार ३५७ जनाको मृत्यु भएको र ५ हजार ३२६ जना सम्पर्कविहीन रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विवरणमा । सम्पर्कविहीनमध्ये सुरक्षाकर्मी, सरकारी कर्मचारी तथा बैंक तथा वित्तीय संस्थाका कर्मचारीसमेत थिए ।

त्यसपछि पनि खोजी तथा पहिचानको काम जारी रह्यो । परराष्ट्र मन्त्रालयले भदौ २६ गते सार्वजनिक गरेको अद्यावधिक विवरणमा १ हजार ३८५ शव फेला परेको, करिब ५ हजार १३० जना अझै बेपत्ता रहेको र १३ हजार ६७६ जनाको उद्धार भएको उल्लेख थियो । क्षतिको प्रारम्भिक तीव्र मूल्याङ्कनले करिब १.८ अर्ब अमेरिकी डलर बराबरको क्षति र ८८३ मिलियन डलर बराबरको नोक्सानी देखाएको थियो । पुनर्निर्माणका लागि करिब ४.७८ अर्ब अमेरिकी डलर आवश्यक पर्ने प्रारम्भिक अनुमान गरिएको थियो ।

यसले विपद् व्यवस्थापनको चुनौती उद्धारमा मात्र सीमित नभएको देखाउँछ । शव पहिचान, विस्थापितको पुनःस्थापना, आवास निर्माण, जीविकोपार्जन पुनःस्थापना, सडक तथा पुल निर्माण र जलविद्युत् तथा अन्य पूर्वाधार पुनर्निर्माणसम्म राज्यसामु लामो दायित्व खडा भएको छ ।

**राज्यको उद्धार संयन्त्र सक्रिय, तर चुनौती ठूलो :** भोटेकोशी विपद्पछि सरकारले तीनवटै सुरक्षा निकायलाई व्यापक रुपमा परिचालन गऱ्यो । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल उद्धार, खोजी, राहत वितरण तथा सडक र पहुँच पुनःस्थापनामा खटिए । सुरुङभित्र फसेका व्यक्तिको उद्धारमा नेपालसँगै भारत, चीन र दक्षिण कोरियाका टोलीसमेत परिचालन भएका थिए । सरकारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषबाट तत्काल एक अर्ब रुपैयाँ प्रभावित क्षेत्रमा पठाउने निर्णय गरेको थियो । प्रधानमन्त्री राहत कोषमा भदौ २५ सम्म १२ अर्ब ६३ करोड रुपैयाँभन्दा बढी मौज्दात रहेको सरकारी विवरण थियो, जसमध्ये एक अर्ब रुपैयाँ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा निकासा भइसकेको थियो । राहतमा अन्तर्राष्ट्रिय सहयोगसमेत जुटेको थियो । भारत, पाकिस्तान, यूएई, कतार, श्रीलङ्का, स्विट्जरल्यान्डलगायतका देश तथा अन्तर्राष्ट्रिय संस्थाबाट राहत सामग्री, आर्थिक सहयोग तथा प्राविधिक सहयोगको प्रतिबद्धता आएको सरकारले जनाएको छ । तर ठूलो भूगोलमा एकैपटक विपद् आउँदा राज्यको संयन्त्रले सामना गर्नुपर्ने चुनौती पनि उत्तिकै ठूलो देखियो । सडक तथा सञ्चार सम्पर्क टुटेका स्थानमा राहत पुऱ्याउनु, बेपत्ताको खोजी गर्नु र प्रभावितको यकिन विवरण तयार गर्नु सहज थिएन ।

**त्यसैबीच आयो असोजको अर्को विपद्:** भोटेकोशी बाढीको खोज तथा उद्धार अभियान चलिरहेकै समयमा असोज ८ गतेदेखि देशका विभिन्न क्षेत्रमा अविरल वर्षा सुरू भयो । वर्षासँगै बाढी, पहिरो र डुबानका घटना बढे । नेपाल प्रहरीका अनुसार असोज ८ गतेदेखि असोज १३ गतेसम्म देशभरका विभिन्न विपद्मा ३५ जनाको मृत्यु भएको थियो । १५ जना घाइते भएका थिए भने २ हजार ६८५ जनाको उद्धार गरिएको थियो ।

मृतकमध्ये गण्डकी प्रदेशमा २३ जना थिए । बागलुङमा १२, म्याग्दीमा ७ मृत्यु र २ बेपत्ता गरी ९ र मनाङमा चार जनाको मृत्यु भएको सरकारी तथ्याङ्कले देखाउँछ । अन्य प्रदेशमा पनि मानवीय क्षति भएको थियो । यस अवधिमा देशभर २ हजार ३२२ घरपरिवार विस्थापित भएको र १६८ घर, २० गोठ, चार पुल, एक विद्यालय तथा दुई सरकारी कार्यालयमा क्षति पुगेको प्रारम्भिक विवरण नेपाल प्रहरीले सार्वजनिक गरेको थियो ।

तर यी तथ्याङ्कलाई असोज ८ देखि ११ गतेसम्मको सम्पूर्ण क्षतिको अन्तिम विवरण भने मान्न सकिँदैन । विपद्का बेला घटनाको सूचना ढिलो आउने, सडक सम्पर्क विच्छेद हुने, सञ्चार सेवा बन्द हुने र दुर्गम बस्तीमा पुग्न नसकिने भएकाले प्रारम्भिक तथ्याङ्क क्रमशः परिवर्तन हुने गरेको देखिन्छ ।

**म्याग्दी : पहिरोले थिचेको जिल्ला :** असोज ८ देखि ११ गतेसम्मको वर्षाले म्याग्दीलाई गम्भीर रुपमा प्रभावित बनायो । जिल्लाका अधिकांश ग्रामीण सडक अवरुद्ध भए । कतिपय ठाउँमा बाढीले सडक बगायो भने पहिरोले बस्ती र घर जोखिममा पारे । विद्युत् तथा सञ्चार सेवा अवरुद्ध हुँदा प्रभावित क्षेत्रमा तत्काल सम्पर्क स्थापित गर्नसमेत कठिन भयो । जिल्ला प्रशासन कार्यालयका अनुसार विपद्पछि करिब २०० परिवार विस्थापित भएका थिए । सबैभन्दा बढी प्रभावित अन्नपूर्ण गाउँपालिका-५ पाउद्वार क्षेत्रका नागरिकलाई हेलिकप्टरमार्फत उद्धार गरी शिख र घारमा अस्थायी शिविरमा राखिएको थियो । अन्नपूर्ण गाउँपालिका-५ पाउद्वार, गिवाङ, नेपाने, किन्दु, धोस्केखोर र घिरवाङ क्षेत्रमा पहिरोले गाउँ नै घेरिएपछि १०९ जनालाई हेलिकप्टरमार्फत उद्धार गरिएको थियो । उनीहरुलाई शिख र घारमा अस्थायी शिविरमा राखिएको जिल्ला प्रशासनले जनाएको थियो ।

म्याग्दीमा असोज १० सम्मकै प्रारम्भिक विवरणमा १९ घर, पाँच गोठ र तीन भैँसीमा क्षति पुगेको तथा २८ घरपरिवार सुरक्षित स्थानमा सारिएको थियो । बेनी नगरपालिका-३ भकिम्ली, मङ्गला गाउँपालिका-२ रनवाङ, मङ्गला-५ घेगरे, अन्नपूर्ण-५ किन्दु, अन्नपूर्ण-८ राम्चे, मालिका-५ तथा बेनीका विभिन्न वडामा घर तथा गोठमा क्षति पुगेको विवरण सार्वजनिक भएको थियो । तर क्षति संकलन अघि बढ्दै जाँदा संख्या निकै बढ्यो ।

**मृत्यु, बेपत्ता र विस्थापनको पीडाः** असोजको विपद्मा म्याग्दीमा मानवीय क्षति सबैभन्दा पीडादायी पक्ष बनेको छ । नेपाल प्रहरीको असोज १३ गतेको विवरणमा जिल्लामा सात जनाको मृत्यु भएको उल्लेख छ । पहिरोमा परी अन्नपूर्ण गाउँपालिका-८ का सविन गर्बुजा, अन्नपूर्ण-३ की योमाया पाइजा, मालिका-३ डाँडागाउँका चिरण पुन र देवबहादुर पुन, अन्नपूर्ण-६ गिवाङकी पाँच वर्षीया जेनी पुर्जा तथा अन्नपूर्ण-३ की शिलकुमारी गर्बुजालगायतले ज्यान गुमाएका थिए । दुई जना बेपत्ता रहेको विवरणसमेत सार्वजनिक भएको थियो । मृतकको संख्या मात्र विपद्को गहिराइ मापन गर्ने आधार होइन । घर गुमाएका, विस्थापित भएका, खेतीपाती तथा पशुधन गुमाएका परिवारको अवस्था पनि उत्तिकै गम्भीर छ । घर जोखिममा परेपछि अस्थायी आश्रयमा पुगेका परिवारका लागि वर्षा रोकिएपछि पनि संकट सकिँदैन । उनीहरुलाई सुरक्षित आवास, खाद्यान्न, लत्ताकपडा, खानेपानी, स्वास्थ्य सेवा र जीविकोपार्जनको आवश्यकता हुन्छ ।

**क्षति संकलनमै किन भयो ढिलाइ?:** म्याग्दीको विपद्को एउटा महत्वपूर्ण पक्ष क्षति संकलनमा भएको ढिलाइ पनि हो । विपद्पछि जिल्ला सदरमुकामबाट ग्रामीण क्षेत्रमा जाने सडकहरु अवरुद्ध भए । धेरै ठाउँमा विद्युत् तथा सञ्चार सम्पर्क विच्छेद भयो । यस्तो अवस्थामा स्थानीय तह, प्रहरी, प्रशासन र अन्य निकायले तत्काल घटनास्थल पुगेर क्षतिको पूर्ण विवरण संकलन गर्न सकेनन् । जिल्ला प्रशासनले पहिलो चरणमा मृत्यु भएका र बेपत्ताको खोजी तथा जोखिममा फसेकाको उद्धारलाई प्राथमिकता दिएको जनाएको थियो । त्यसपछि मात्रै स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी तथा सुरक्षाकर्मीलाई घर, कृषि, पशुपक्षी तथा पूर्वाधारको क्षति विवरण संकलनमा परिचालन गरिएको थियो ।

यही कारण प्रारम्भिक विवरण र पछिल्ला तथ्याङ्कबीच अन्तर देखिन्छ । असोज १२ गतेसम्म करिब २०० परिवार विस्थापित भएको विवरण थियो भने असोज १३ गते मानवअधिकारसम्बन्धी अनुगमनमा २३५ जना विस्थापित भएको उल्लेख भयो । तर यो पनि तथ्याङ्क पूर्ण भने पक्कै होइन । अन्नपुर्ण गाउँपालिका क्षेत्रमा भएको क्षतीको विवरण अझै पनि पूर्ण रूपमा आउन सकेको छैन । यसबाट एउटा महत्वपूर्ण पाठ देखिन्छ विपद्को समयमा उद्धारसँगै तथ्याङ्क संकलनको वैकल्पिक संयन्त्र पनि तयार हुनुपर्छ । सडक पुगेन भने हेलिकप्टर, सञ्चार टावर चलेन भने स्याटेलाइट वा अन्य वैकल्पिक सञ्चार, स्थानीय तहको सम्पर्क टुट्यो भने सुरक्षाकर्मी र समुदायमार्फत सूचना संकलन गर्ने प्रणाली आवश्यक देखिन्छ ।

**म्याग्दीलाई विपद् सङ्कटग्रस्त जिल्ला घोषणा गर्न सिफारिस**

विपद्को व्यापकतालाई ध्यान दिँदै जिल्ला विपद् व्यवस्थापन समितिले म्याग्दीलाई विपद् सङ्कटग्रस्त जिल्ला घोषणा गर्न गृह मन्त्रालयमा सिफारिस गरेको छ । असोज १४ गतेको बैठकले पुनर्निर्माण र पुनःस्थापनालाई प्राथमिकता दिन यस्तो सिफारिस गरेको हो । सो समयसम्मको जिल्लागत विवरणमा सात जनाको मृत्यु र दुई जना बेपत्ता रहेको उल्लेख थियो ।

त्यही बैठकमा क्षति विवरण संकलनका क्रममा बेनी नगरपालिकामा २३, रघुगङ्गामा तीन, मङ्गलामा १८, मालिकामा एक, अन्नपूर्णमा दुई र धवलागिरिमा एक घर पूर्ण क्षति भएको प्रारम्भिक विवरण प्राप्त भएको थियो । बेनीमा नौ र मालिकामा एक घर आंशिक क्षति भएको तथा बेनीमा २३, रघुगङ्गामा ४७, मङ्गलामा चार, मालिकामा तीन र धवलागिरिमा २३ घर जोखिममा रहेको विवरण संकलन गरिएको थियो ।

त्यस्तै बेनीमा २१, रघुगङ्गामा २६, मङ्गलामा आठ र अन्नपूर्णमा एक गोठमा क्षति तथा जिल्लाभर २० वटा पशुधनको क्षति भएको प्रारम्भिक तथ्याङ्क सार्वजनिक गरिएको थियो । यी तथ्याङ्क अझै पूर्ण क्षति मूल्याङ्कनको अन्तिम रुप भने होइनन् ।

**राहत र पुनःस्थापनाको अर्को चरण :** विपद्को तत्कालीन चरणमा सरकारको पहिलो प्राथमिकता जीवन रक्षा र उद्धार हो । त्यसपछि राहत, त्यसपछि पुनःस्थापना र अन्ततः पुनर्निर्माण आउँछ । म्याग्दीमा पनि यही क्रम देखियो । उद्धारका लागि नेपाली सेनाका ७०, नेपाल प्रहरीका २५१ र सशस्त्र प्रहरीका ६० जना परिचालन गरिएको थियो । अन्नपूर्णका जोखिमयुक्त बस्तीबाट हेलिकप्टरमार्फत नागरिक उद्धार गरिएको थियो ।

तर राहत वितरणको प्रभावकारिता प्रभावितको वास्तविक संख्या र आवश्यकताको सही पहिचानमा निर्भर हुन्छ । घर पूर्ण क्षति भएको परिवार र सामान्य जोखिममा परेको परिवारको आवश्यकता समान हुँदैन । त्यसैले राहत वितरणमा एउटै मापदण्डभन्दा पनि क्षतिको वर्गीकरण, परिवारको आर्थिक अवस्था र पुनःस्थापनाको आवश्यकतालाई आधार

बाँकी तेस्रो पृष्ठमा

# Province Hospital, Beni, Myagdi

**First Date of Publication: 25th September 2026 (9th Ashwin, 2083)**

Province Hospital, Beni, Myagdi Invites the HARD COPY Sealed bids from eligible Nepalese bidders for the projects mentioned below NCB procedures. Interested bidders are requested to submit Hard Copy of bids as per instruction within the mentioned period projects mentioned below.

1. Last date of Bid Purchase 29th Ashwin, 2083 (October 15, 2026), 17:00 HOURS
2. Last date of Bid Submission- 30th Ashwin, 2083 (October 16, 2026), 12:00 HOURS
3. Bid Opening Date: 30th Ashwin, 2083 (October 16, 2026), 14:00 HOURS
4. All BID shall be evaluated on PACKAGE-wise. Bidders should must fill in the unit rate of all the items in the package.
5. BID Fee 3000 for individual package,

| SNO | Name Of Contract | Contract ID | Total Cost without vat | bid security, |
|---|---|---|---|---|
| 1 | Supply and Delivery of Cardiovascular and Diuretics ,NSAID'S and Anti-histamines medicine at Province Hospital, Myagdi | PHMyagdi/ NCB/G/1.1/2083-084 | 6,127,777.25 | 153000 |
| 2 | Supply and Delivery of Gastrointestinal disorder and Neurological disorder Medicine at Province Hospital, Myagdi | PHMyagdi/ NCB/G/1.2/2083-084 | 3,071,665.80 | 77000 |
| 3 | Supply and Delivery of Infectious and Endocrine disorder Medicine at Province Hospital, Myagdi | PHMyagdi/ NCB/G/1.3/2083-084 | 5,065,050.69 | 127000 |
| 4 | Supply and Delivery of Anticogulant, Dyslipidemia Pulmonary, Eye,ENT Medicine at Province Hospital, Myagdi | PHMyagdi/ NCB/G/1.4/2083-084 | 4,989,425.49 | 125000 |
| 5 | Supply and Delivery of Vitamins and Calcium, IV fluid Medicine at Province Hospital, Myagdi | PHMyagdi/ NCB/G/1.5/2083-084 | 4,065,622.85 | 102000 |
| 6 | Supply and Delivery of Surgical Items and Instruments at Province Hospital, Myagdi | PHMyagdi/ NCB/G/02/2083-084 | 5754198.92 | 144000 |
| 7 | Supply and Delivery of Dialysis Items at Province Hospital, Myagdi | PHMyagdi/ NCB/G/03/2083-084 | 4491819.833 | 112000 |
| 8 | Supply and Delivery of General Lab Reagents Chemicals and Consumables at Province Hospital, Myagdi | PHMyagdi/ NCB/G/04/2083-084 | 5251022.9 | 131000 |
| 9 | Supply and Delivery of Lab Reagents and Chemicals for Biochemistry Analyzer at Province Hospital, Myagdi | PHMyagdi/ NCB/G/05/2083-084 | 4820182.133 | 121000 |
| 10 | Supply and Delivery of Lab Reagents and Chemicals for HBa1C Analyzer at Province Hospital, Myagdi | PHMyagdi/ NCB/G/06/2083-084 | 1935000 | 48000 |

| For Purchasing Bidding Documents | For Bid security in Bank. |
|---|---|
| Name of Bank: Nepal Bank Ltd. Beni, Myagdi<br>Account Name: Province Hospital, Beni, Myagdi<br>Account Number: 27302000001001000001<br>Office's Code: **3700144014**<br>Rajaswa (revenue) Shirshak no.: 14229 | Name of Bank: Nepal Bank Ltd. Myagdi<br>Account Name : Province Treasure Unit Office, Myagdi<br>Account Number: 06302000002003000001<br>Office's Code: **3700144014** |

For More Information, Please Visit Admin Department , Province hospital Myagdi OR https://phmyagdi.gandaki.gov.np

## विपद्को ...

बनाउनुपर्ने देखिन्छ । सरकारले भोटेकोशी प्रभावित क्षेत्रमा पनि राहतपछि आवास र जीविकोपार्जन पुनःस्थापनाका लागि छुट्टै प्रक्रिया अघि बढाएको छ । रसुवा जिल्ला प्रशासनले बाढी प्रभावितका लागि बसोबास तथा जीविकोपार्जन अनुदान वितरणसम्बन्धी प्रक्रिया सार्वजनिक गरिसकेको छ ।

**राहतमा गैरसरकारी क्षेत्रको साथ :** विपद् व्यवस्थापन सरकारको मात्र जिम्मेवारी होइन । भोटेकोशीपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले समेत ठूलो परिमाणमा राहत सहयोग परिचालन गरेका थिए । महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अन्य जोखिममा रहेका समूहको संरक्षणमा विशेष कार्यक्रम अघि बढाइएको सरकारी विवरणमा उल्लेख छ ।

सरकारका अनुसार भदौ २६ सम्म ५४ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले करिब ४० करोड ८७ लाख रूपैयाँ बराबरको राहत सामग्री सहयोग गरेका थिए भने ३५ राष्ट्रिय गैरसरकारी संस्थाले १८ करोड ६२ लाख रूपैयाँभन्दा बढीको सहयोग उपलब्ध गराएका थिए । तर राहत सामग्री पुग्नु र प्रभावितको जीवन सामान्य अवस्थामा फर्कनु फरक कुरा हो । खाद्यान्न र त्रिपालले तत्कालको संकट टार्न सक्छ घर, खेत, सडक, पुल, विद्यालय, स्वास्थ्य संस्था र रोजगारी पुनःस्थापित गर्न दीर्घकालीन योजना र ठूलो स्रोत आवश्यक पर्छ ।

**विपद्को बदलिँदो चरित्र**

भोटेकोशीदेखि असोजको वर्षासम्मका घटनाले नेपालमा विपद्को चरित्र बदलिँदै गएको प्रश्नलाई फेरि अगाडि ल्याएको छ । छोटो समयमा अत्यधिक वर्षा, पहाडी क्षेत्रमा पहिरो, हिमाली क्षेत्रमा हिमताल तथा हिमनदीसँग सम्बन्धित जोखिम र नदी प्रणालीमा अचानक आउने बाढीले एउटै विपद्ले ठूलो भूगोल प्रभावित पार्न सक्ने अवस्था देखिएको छ ।

यसको अर्थ प्रत्येक विपद्लाई जलवायु परिवर्तनकै कारण भनेर निष्कर्ष निकाल्नु होइन । तर सरकारले भोटेकोशी घटनापछि जलवायु परिवर्तन र हिमाली जोखिमबीचको सम्बन्धबारे अन्तर ष्ट्रिय तहमा समेत ध्यानाकर्षण गराएको छ । प्रधानमन्त्रीले भोटेकोशी बाढीलाई हिमालय क्षेत्रमा बढ्दो जलवायु जोखिमसँग जोडेर अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता औँल्याउनुभएको थियो । नेपालका लागि अब प्रश्न विपद् आउँछ कि आउँदैन भन्ने होइन विपद् आउँदा क्षति कति घटाउन सकिन्छ भन्ने हो । जोखिमयुक्त बस्तीको पहिचान, पूर्वसूचना प्रणाली, नदी तथा पहिरो निगरानी, सुरक्षित आवास, विपद् प्रतिरोधी सडक र पुल तथा स्थानीय तहमा दक्ष जनशक्ति यसको आधार हुन् ।

**अबको चुनौती : तथ्याङ्कदेखि पुनर्निर्माणसम्म :** म्याग्दीको अनुभवले देखाएको सबैभन्दा ठूलो चुनौतीमध्ये एउटा विश्वसनीय र समयमै प्राप्त हुने क्षतिको तथ्याङ्क हो । विपद्को केही दिनसम्म सडक र सञ्चार सम्पर्क विच्छेद हुँदा क्षतिको पूर्ण विवरण आउन सकेन । परिणामतः प्रारम्भिक तथ्याङ्क पटक-पटक अद्यावधिक गर्नुपर्‍यो । यसलाई कमजोरीका रुपमा मात्र हेर्नुभन्दा विपद् व्यवस्थापन प्रणाली सुधार्ने अवसरका रुपमा लिन आवश्यक छ । प्रत्येक स्थानीय तहमा डिजिटल क्षति अभिलेख, जिपिएससहितको घटनास्थल विवरण, घरधुरीको जोखिम नक्सा र पूर्वतयारीमा आधारित उद्धार टोली हुनुपर्ने आवश्यकता देखिन्छ । म्याग्दीमा अब राहत वितरणभन्दा ठूलो प्रश्न पुनःस्थापना हो । विस्थापित परिवारलाई कहाँ राख्ने? जोखिमयुक्त बस्तीलाई पुनः कहाँ बसाउने? भत्किएका सडक र पुल कसरी बनाउने? विद्युत् र सञ्चार कसरी स्थायी रुपमा सुरक्षित बनाउने? कृषि तथा पशुपालनमा भएको क्षति कसरी पूर्ति गर्ने? यी प्रश्नको उत्तर तत्कालीन राहतले मात्र दिन सक्दैन । भोटेकोशीले नेपाललाई ठूलो मानवीय र आर्थिक मूल्य चुकाएको छ । त्यसको खोज, पहिचान, राहत र पुनर्निर्माणको प्रक्रिया चलिरहेकै बेला असोजको वर्षाले फेरि अर्को अध्याय थपेको छ । म्याग्दीमा मृत्यु, बेपत्ता, विस्थापन र पूर्वाधार क्षतिले स्थानीय समाजलाई गहिरो चोट दिएको छ ।

अब राज्यसामु चुनौती केवल उद्धार गरेर सकिने अवस्था छैन । क्षति सही रुपमा गन्ने, पीडितलाई न्यायोचित राहत दिने, जोखिममा रहेका बस्तीलाई सुरक्षित बनाउने र पुनर्निर्माणलाई भविष्यका विपद् सामना गर्न सक्ने गरी अघि बढाउने समय हो ।

भोटेकोशी र असोजको वर्षाले दिएको साझा सन्देश यही हो नेपालले विपद्पछि प्रतिक्रिया दिने प्रणालीबाट विपद् आउनुअघि नै जोखिम घटाउने प्रणालीतर्फ निर्णायक रुपमा अघि बढ्नुपर्ने बेला आएको छ । म्याग्दीको क्षति र पीडालाई पनि यही राष्ट्रिय सिकाइको एउटा महत्वपूर्ण अध्यायका रुपमा लिन आवश्यक छ ।




### विपद् व्यवस्थापनमा सहयोगी बनौं

- बिपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**धवलागिरी गाउँपालिकाको कार्यालय**
मुना, म्याग्दी

### विपदको पूर्वतयारी गरौं

- संभावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी आगलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं ।
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं ।
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं ।
- सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं ।
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं ।
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

**मालिका गाउँपालिकाको कार्यालय**
दरवाङ, म्याग्दी

### विपद् व्यवस्थापनमा सहयोगी बनौं

- बिपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**बेनी नगरपालिकाको कार्यालय**
बेनी, म्याग्दी

### विपद् व्यवस्थापनमा सहयोगी बनौं

- बिपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**मंगला गाउँपालिकाको कार्यालय**
बाबियाचौर, म्याग्दी

### विपदको पूर्वतयारी गरौं

- संभावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी आगलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं ।
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं ।
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं ।
- सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं ।
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं ।
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

**अन्नपूर्ण गाउँपालिकाको कार्यालय**
पोखरेबगर, म्याग्दी

### विपद् व्यवस्थापनमा सहयोगी बनौं

- बिपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**रघुगंगा गाउँपालिकाको कार्यालय**
मौवाफाँट, म्याग्दी


# साप्ताहिक राशीफल




## मिति :- २०८३।०६।१५ देखि २०८३।०६।२२

**मेष** - Aries **चु, चे, चो, ला, लि, लु, ले, लो, अ**
प्रारम्भमा खर्चिलो काम गर्नुपरे पनि हिम्मत गर्दा जटिल काम समेत सजिलै सम्पादन हुनेछ। लगनशीलताले प्रतिष्ठित काम गर्ने मौका दिलाउनेछ। राम्रा काममा अभिप्रेरित गर्नेहरु प्रशस्तै भेटिनेछन्। रमाइलो जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ। बीचमा कुरा लगाउनेहरुले सम्बन्धमा फाटो उत्पन्न गर्न सक्छन्। धेरै बोल्ने बानीले समस्या निम्त्याउन सक्छ। सानो विवादले पहिलेको समझदारी टुंग्याउन सक्छ। तापनि कर्मक्षेत्रमा प्रतिस्पर्धीहरु समेत सहयोगीका रुपमा देखा पर्नेछन्। आम्दानी बढ्नाले उत्साह जाग्नेछ।

**वृष** - Taurus **इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**
प्रारम्भमा मनग्य आम्दानी भए पनि खर्चिलो काम थाल्नाले अर्थ अभाव देखापर्न सक्छ। समस्या सुल्झाउन कर्जा लिनुपर्ने हुन सक्छ। बेलामा होस नपुर्याउँदा चुनौती आउन सक्छन्। मंगलवारपछि रमाइलो पारिवारिक भेटघाट हुनेछ। तर आफ्ना कमजोरीको आलोचना हुन सक्छ। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला। सप्ताहान्तमा भने सहयोगीहरुले राम्रो साथ दिनेछन्। काममा मित्रहरुको सहयोगले हौसला प्रदान गर्नेछ। बुद्धिको उपयोगले आयस्रोत बढाउन सकिनेछ। मिहिनेतले लक्ष्य प्राप्त गर्ने साहस जुट्नेछ।

**मिथुन** - Gemini **का, कि, कु, घ, ङ, छ, के, को, हा**
कामको प्रतिफल प्राप्त हुने समय छ। दिगो काम प्रारम्भ हुनेछ। व्यापार बढ्नेछ। र, मनग्य आम्दानी हातलागी हुनेछ। मिहिनेतले सफलताको उचाइमा पुर्याउन सक्छ। मंगलवारदेखि खर्चिलो काम गर्नुपर्ने परिस्थिति आउन सक्छ। तर शुभचिन्तकहरुको सहयोगले अप्ठ्यारो काम समेत बन्नेछ। विदेश ताक्नेहरुलाई यात्राको प्रक्रिया अघि बढ्नेछ। उठ्नुपर्ने रकम प्राप्त हुनाले पनि समस्या टर्नेछ। सप्ताहान्तमा स्थिति अनुकूल बन्नेछ। नयाँ अवसर जुट्न सक्छ। आफन्तसँग रमाइलो भेटघाट हुनेछ। मिहिनेत गर्दा अभीष्ट पूरा हुन सक्छ।

**कर्कट** - Cancer **हि, हु, हे, हो, डा, डि, डु, डे, डो**
प्रारम्भमा केही उल्झन देखिए पनि हिम्मत गर्दा चिताएको काम सजिलै बन्नेछ। धेरैको विश्वास जित्न नसकिए पनि कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरु नजिकिनेछन्। नाम, दाम र इनाम हातपार्ने समय छ। दिगो आम्दानी हुने काम सुरु गर्ने मौका छ। लगनशीलताले कीर्तिमानी समेत दिलाउन सक्छ। आम्दानीका स्रोतहरु बढ्नेछन्। खर्चिलो कामले धन संग्रहमा भने बाधा पुर्याउन सक्छ। सप्ताहान्तमा आफन्तजन टाढा हुनेछन् भने टाढाका साथीभाइ नजिकिन सक्छन्। अवसरका लागि दौडधुप गर्नुपर्ला। फजुल खर्च पनि बढ्न सक्छ।

**सिंह** - Leo **मा, मि, मु, मे, मो, टा, टि, टु, टे**
सुरुमा स्वास्थ्य कमजोर हुनेछ र धन खर्चनुपर्नेछ। परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ। तापनि सुखदुःखमा साथ दिनेहरु भेटिनेछन्। खर्च लागे पनि नयाँ काम सुरू हुनेछ। आध्यात्मिक चिन्तनले सुख प्राप्त हुनेछ। इतिहास एवं धर्म-संस्कृतिको जगेर्नामा रूचि जाग्नेछ। अरुलाई प्रभावित पारेर उपलब्धि हातपार्न सकिनेछ। प्रतिष्ठित कामले स्थापित गराउनेछ। तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। पेसा-व्यवसायमा लाभ मिल्नेछ। दिगो काम सुरू हुनेछ र नियमित आम्दानी बढ्नेछ।

**कन्या** - Virgo **टो, पा, पि, पु, ष, ण, ठ, पे, पो**
सुरुमा जिम्मेवारी बढ्नेछन् र अरुका लागि समय खर्च हुनेछ। तर विवादास्पद जिम्मेवारीले समस्या निम्त्याउन सक्छ। अवसरवादीहरुले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्। बन्न लागेको काम बिग्रने डरले पनि सताउन सक्छ। मंगलवारपछि स्थितिमा सुधार आउन सक्छ। आध्यात्मिक चिन्तनले दुर्भावनाका तरंगहरु समाप्त हुनेछन्। मिहिनेतले चिताएको काम सम्पादन हुनेछ भने नयाँ कामतर्फ अग्रसर हुने मौका जुट्नेछ। मान्यजनसँगको सहकार्यले फाइदा दिलाउनेछ। तारिफयोग्य कामले चर्चामा ल्याउन सक्छ।

**तुला** - Libra **रा, रि, रू, रे, रो, ता, ति, तु, ते**
प्रारम्भमा पुरूषार्थी काम बन्नेछन्। रमाइलो यात्राको साइत जुर्नेछ भने चिताएको काम पनि बन्नेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। तारिफयोग्य काम बन्नाले जोश-जाँगर पनि बढ्नेछ। मंगलवारदेखि भने अस्वस्थताको योग देखिएकाले खानपानमा सजग रहनुहोला। कामको बोझ थपिनेछ भने रकम बाहिरिनाले अर्थ अभाव देखापर्नेछ। आँटेको काम रोकिन सक्छ। सप्ताहान्तमा स्थितिमा सुधार आउला। शुभचिन्तकहरुको सहयोग जुट्नेछ, भाग्यले साथ दिनेछ र दिगो काम थालनी हुनाले भविष्यप्रति आशा बढ्नेछ।

**बृश्चिक** - Scorpio **तो, ना, नि, नु, ने, नो, या, यि, यु**
विभिन्न अवसर प्राप्त हुनुका साथै रोकिएका काम बन्नाले आर्थिक पक्ष सबल बन्नेछ। प्रतिद्वन्द्वीहरुलाई परास्त गर्न सफल भइनेछ। दिगो काम गर्ने समय छ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। रमाइलो यात्रा र मनोरञ्जनको आनन्द प्राप्त हुनेछ। अतिथिका रुपमा सत्कार पाइनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। सप्ताहान्तमा भने स्वास्थ्य कमजोर रहला। केही समस्यासँग जुध्नुपर्दा काम बिग्रने डरले सताउन सक्छ। समस्या दर्साउँदा सहयोगीहरुले साथ दिनेछन्।

**धनु** - Sagittarius **ये, यो, भा, भि, भु, धा, फा, ढा, भे**
अध्ययनमा राम्रो प्रगति हुनेछ भने रोकिएका काम बन्नाले नयाँ योजनातर्फ अग्रसर भइनेछ। नोकरी तथा पेसा-व्यवसायमा फाइदा हुनेछ। सहयोगीहरु जुट्नाले काम बन्नेछन् र मिहिनेतले सफलता दिलाउन सक्छ। कामका चुनौतीहरु समाप्त हुनेछन् र सोचेको फाइदा उठाउन सकिनेछ। पुरूषार्थी कामले लक्ष्यमा पुर्याउनेछ। सप्ताहान्तमा परिस्थिति र सोखले खर्च बढाउनेछ। स्रोतसाधन जुट्नाले काम बन्नेछ। रमाइलो यात्रा गर्ने साइत जुर्न सक्छ। मन मिल्ने साथी भेटिनुका साथै मित्रता र प्रेमको बन्धन कसिलो हुने सम्भावना छ।

**मकर** - Capricorn **भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि**
प्रारम्भमा काम बन्नेछ। तर घरेलु समस्या र पुरानो वादविवाद सुल्झाउन जुट्नुपर्ला। बलभन्दा बुद्धिको उपयोगले फाइदा लिन सकिनेछ। असम्भव काममा समेत युक्तिले सफलता दिलाउन सक्छ। मंगलवारपछि स्थिति अनुकूल बन्नाले केही अवसर प्राप्त हुनेछन्। हिम्मतले काम बन्नेछ, अनुभवले ज्ञान बढ्नेछ भने मेहनतले आम्दानीको दिगो स्रोत जुट्न सक्छ। सप्ताहान्तमा शत्रुपक्षलाई हराउन सकिनेछ। लगनशीलताले धेरै काम सम्पादन हुनेछन्। शुभचिन्तक र प्रतिस्पर्धीलाई समेटेर काम लिनुहोला, दिगो योजना पूर्ण हुनेछ।

**कुम्भ** - Aquarius **गु, गे, गो, सा, सि, सु, से, सो, द**
प्रारम्भमा केही उपलब्धि हातलागी हुनेछ। तर अरुको भरपर्दा सुरूमै काम बिग्रन सक्छ। सहयोगीहरु टाढिने र प्रतिस्पर्धीहरु जाग्ने सम्भावना देखिन्छ। आफ्ना कमजोरीको फाइदा अरुले उठाउने चेष्टा गर्नेछन्। तापनि मिहिनेतले काम बन्नेछ, अनुभवले ज्ञान बढ्नेछ र सावधानीले जोखिम टर्नेछ। मंगलवार र बुधवार भने घरायसी समस्याले अल्झाउन सक्छ। तापनि शुभचिन्तकहरुको साथ-सहयोगले परिस्थिति अनुकूल बन्नेछ। सप्ताहान्तमा अवसरले पछ्याउनेछन्। सामाजिक कार्यले सम्मानित स्थान दिलाउनेछ। अध्ययनमा प्रगति हुनेछ।

**मीन** - Pisces **दि, दु, थ, झ, ञ, दे, दो, चा, चि**
प्रारम्भ फलदायी रहनेछ। बोलीको प्रभावले मनग्य फाइदा उठाउन सकिनेछ। तर्कशक्ति बढ्नेछ भने अध्ययनमा प्रगति हुनेछ। दिगो फाइदा हुने काम सुरू हुनेछ। मेहनतीहरुलाई समयले साथ दिनेछ। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ। पहिलेको उपलब्धिले थप काममा हिम्मत दिलाउनेछ। लोकप्रिय काम गर्दै मनग्य दाम समाउने अवसर प्राप्त हुनेछ। दिगो फाइदा हुने काम थालनी गर्न सकिनेछ। सप्ताहान्तमा पारिवारिक उल्झनमा परिएला। अवसरवादीहरुबाट सावधान रहनुहोला। आफन्तको सहयोगले काम बन्नेछ।

# म्याग्दीलाई ...



उद्धारमा सक्रिय सेनाको हेलिकोप्टर

अन्नपूर्ण गाउँपालिका-८ काफलडाँडाका सविन चोचाङ्गी र बेनी नगरपालिका-३ भकिम्लीकी कुमारी विक सुरूमा बेपत्ता रहेकोमा परिवारले मृत्यु भएको मानी कुशको शव बनाएर दाहसंस्कार गरिसकेको समितिले जनाएको छ । उनीहरूका परिवारलाई समेत विपद्मा मृत्यु भएका व्यक्तिसरह राहत उपलब्ध गराउन सम्बन्धित स्थानीय तहबाट भुक्तानी गरी जिल्ला प्रशासन कार्यालय वा जिल्ला विपद् व्यवस्थापन समितिबाट शोधभर्ना लिने निर्णय गरिएको छ ।

विपद्का कारण प्रभावित परिवारलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने क्रममा जिल्ला विपद् व्यवस्थापन कोषमा रहेको रकम अपुग हुने देखिएको छ । बैठकका अनुसार कोषमा हाल १२ लाख २० हजार ६८५ रुपैयाँ १८ पैसा मौज्दात रहेको छ । राहत तथा क्षतिपूर्ति वितरणका लागि आवश्यक रकम अपुग हुने भएपछि थप २० लाख रुपैयाँ निकासा गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गर्ने निर्णय गरिएको छ ।

बैठकले बाढीपहिरोबाट सरकारी कार्यालय, निकाय तथा सार्वजनिक संस्थाका भवन, सवारीसाधनलगायतमा भएको क्षतिको यकिन विवरण तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिमा उपलब्ध गराउन सम्बन्धित कार्यालयलाई निर्देशन दिएको छ । नियमित बजेटबाट तत्काल खर्च गर्न मिल्ने कामको व्यवस्थापन गर्न र थप बजेट आवश्यक पर्ने भए सम्बन्धित निकायमार्फत प्रक्रिया अघि बढाउनसमेत भनिएको छ ।

**सडक तथा पूर्वाधार पुनः सञ्चालनमा जोड** :बाढीपहिरोका कारण अवरुद्ध बनेका बेनी-जोमसोम-कोरला, बेनी-दरबाङ-ताकम र बेनी-बागलुङ सडकलाई तत्काल सञ्चालनमा ल्याउन स्थानीय तह र सम्बन्धित निकायबीच समन्वय तथा सहजीकरण गर्ने निर्णय बैठकले गरेको छ । स्थानीय तहहरूले जनशक्ति परिचालन गरी सबै वडा तथा बस्तीको वस्तुस्थिति तयार पारेर तत्काल गर्नुपर्ने काम अघि बढाउनुपर्ने निर्णय गरिएको छ ।

बेनी नगरपालिका-८ कालीपुल रिभरोड क्षेत्रमा कालीगण्डकी नदीको बाढीले क्षति पुऱ्याएको 'प्रोटेक्सन वाल' पुनर्निर्माण तथा बाँकी संरचनाको संरक्षणका लागि यथाशीघ्र कार्य सुरु गर्न खानेपानी तथा जलस्रोत व्यवस्थापन आयोजना, पोखरालाई अनुरोध गर्ने निर्णयसमेत भएको छ ।

यसैगरी बाढीपहिरोका कारण जिल्लाभित्र रहेका कालीगण्डकी कोरिडोर आयोजना, बेनी-जोमसोम-कोरला सडक योजना तथा सिँचाइ र जलस्रोत व्यवस्थापनसम्बन्धी कार्यालयलाई तत्काल सम्पर्क र समन्वय गर्न सकिने गरी आवश्यक व्यवस्था मिलाउन सम्बन्धित मन्त्रालयलाई अनुरोध गरिएको छ ।

**सुरक्षाकर्मी र उद्धार टोली परिचालन** : बाढीपहिरोपछि उद्धार, राहत तथा जोखिममा रहेका नागरिकको सुरक्षाका लागि ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ । पछिल्लो विवरणअनुसार नेपाली सेनाका सेनानी राकेश बस्नेतको नेतृत्वको ७० जना, नेपाल प्रहरीका डिएसपी राजन कार्की नेतृत्वमा २५१ जना र डिएसपी लोकेन्द्र सुब्बा नेतृत्वमा सशस्त्र प्रहरी बलका ६० जनासहितका सुरक्षाकर्मी उद्धार तथा राहत कार्यमा खटिएका छन् । अन्नपूर्ण गाउँपालिकाका पहिरो प्रभावित बस्तीबाट यसअघि हेलिकप्टरमार्फत सर्वसाधारणको उद्धार गरी अस्थायी शिविरमा राखिएको विवरणसमेत सार्वजनिक भएको छ । जिल्ला विपद् व्यवस्थापन समितिले विपद्बाट भएको क्षतिको विवरण संकलन, राहत वितरण, सडक तथा पूर्वाधार सञ्चालन र पुनर्निर्माणलाई प्राथमिकताका साथ अघि बढाउने निर्णय गरेको छ। समितिको पछिल्लो निर्णयले म्याग्दीमा बाढीपहिरोले पुऱ्याएको क्षतिको व्यापकता र तत्काल पुनःस्थापना तथा पुनर्निर्माणका लागि आवश्यक पर्ने स्रोतको अवस्थालाई समेत उजागर गरेको छ ।



विपद्को समयमा अन्नपुर्ण गाउँपालिका ३ मा २ जना, ५ मा २ जना ८ मा १ जना, मालिका गाउँपालिका २ डाँडागाउँमा २ जना गरी ७ जनाको मृत्यु र २ जना बेपत्ता भएको अवस्था हो । बेपत्ता भएका दुवै जनाको परिवारले मृत्यु भएको मानी कुशको शव बनाएर दाहसंस्कार गरेकोले उनिहरूको परिवारलार्य पनि बिपद्बाट मृत्यु भए सरह प्राप्त गर्ने राहत रकम सम्बन्धीत स्थानीय तह मार्फत भुक्तानी गरी जिल्ला विपद् व्यवस्थपन समिति वा जिल्ला प्रशासनबाट शोधभर्ना लिने व्यवस्थाका लागि समेत निर्णय गरिएको छ ।

विपद् व्यवस्थापन समितिले म्यागदी जिल्लामा समेत कार्यक्षेत्र रही जिल्ला बाहिर कार्यालय रहेका कालीगण्डकी करिडोर आयोजना र सिंचाई तथा जलश्रोत व्यवस्थापन आयोजना पोखराको सम्पर्क कार्यालय तत्कालका लागि म्याग्दीमा स्थापना गर्न सम्बन्धीत मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरेका छ । अविरल वर्षाका कारण बाढी पहिरोबाट सरकारी कार्यालय निकाय एवम् सार्वजनिक संस्थान लगायतका क्षेत्रमा भौतिक, सवारी साधन एवम् अन्य कुनै क्षति भए जिल्ला विपद् व्यवस्थापन समितिमा क्षति एकिन गरी विवरण उपलब्ध गराउने साथै ति कार्यालय नियका तथा संस्थामा रहेको खर्च गर्ने मिल्ने नियमित बजेट व्यवस्थापन गरी जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट अनुमोदन गराउने एवम् बजेट व्यवस्थापन गर्न नसकेमा जिल्ला विपद् व्यवस्थापन समितिलार्य नसक्ने व्यहोरा जानकारी दिइ थप व्यवस्थापनको लागि सम्बन्धित निकायले आवश्यक व्यवसथा गर्ने समेत निर्णय भएको छ ।

बेनी नगरपालिका ८ कालीपुल रिभरोड क्षेत्रको प्रोटेक्सन वाल कालीगण्डकी नदीमा आएको बाढीले क्षति पुगाएकोले पुनर्निमाण हुन बाँकी वालको संरक्षणका लागि यथाशिघ्र कार्य सुरु गरिदिन सिंचाई तथा जलश्रोत व्यवस्थापन आयोजनालाई अनुरोध गर्ने निर्णय विपद् व्यवस्थापन समितिले गरेको छ ।

त्यसैगरी बेनी-जोमसोम-कोरला सडक, बेनी-दरबाङ-ताकम सडक तथा बेनी-बागलुङ सडक तत्काल सञ्चालनमा ल्याउन स्थानीय स्तरमा आउन सक्ने अवरोध समाधानमा सम्बन्धित स्थानीय तहबाट जो जे समन्वय/सहजीकरण आवश्यक पर्छ सोको व्यवस्था मिलाउने, स्थानीय तहहरुले जनशक्ति परिचालन गरी सबै वडा तथा बस्तीको वस्तुस्थिति तयार गरी स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयबाट गर्नुपर्ने कार्य तत्काल गर्ने। जिल्ला विपद् व्यवस्थापन समितिबाट सहजीकरण गर्ने विषयहरुका हकमा सात दिन भित्र जिल्ला विपद् व्यवस्थापन समितिमा पेश गर्ने, स्थानीय सडक तत्काल सञ्चालनमा ल्याउन प्रदेश र संघ सरकारबाट सहयोग आवश्यक पर्ने भएमा एकीन गरी सम्बन्धित कार्यालयहरुले प्रदेश तथा संघ सरकार समक्ष सहयोग, समन्वय र सहजीकरणका लागि अनुरोध गर्ने निर्णय भएको सहायक प्रमुख जिल्ला अधिकारी कुल प्रसाद आचार्यको भनाई छ । ८ देखि ११ गते सम्मको अविरल वर्षा पछि भएको क्षतिको एकिन विवरण यो समाचार तयार पार्ने बेला सम्म पनि जिल्ला सुरक्षा समिति तथा विपद् व्यवस्थापन समितिले उपलब्ध गराउन सकेको छैन । विपद् व्यवस्थापन समितिका संयोजक एवम् प्रमुख जिल्ला अधिकारी गणेश गैरेले आफूहरुले प्रयास गरी रहेको भए पनि तथ्याङ्क संकलन गर्न नसकिएको स्वीकार गर्नुभयो ।



























लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशक: अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्क: ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :erupse@gmail.com, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादक: तुलसी सुवेदी